लुम्बिनी प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय
# डिभिजन वन कार्यालय, रुपन्देही
## नदिजन्य वन पैदावार लिलामको सुचना

प्रथम पटक सूचना प्रकाशित मिति २०८२।०४।१६

रुपन्देही जिल्ला देवदह नगरपालिका ५ र ६ अवस्थित श्री बुद्ध सामुदायिक वन उपभोक्ता समूह अन्तरगत आपगैरा खोलामा वन क्षेत्र भित्रका खोला/ खोल्सी व्वस्थापन तथा नदिजन्य पदार्थ संकलन कार्य सञ्चालन गरिदा उत्पादन भई देवदह नगरपालिका वडा नं. ५ स्थित श्री बुद्ध सामुदायिक वन उपभोक्ता समूहको घाटगद्दीमा रहेको नदिजन्य पदार्थ (गिट्टी वा ग्राभेल वा बोल्डर वा मस्कट) घाटगद्दीमा जेजस्तो अवस्थामा छ सोही अवस्थामा नियमानुसारको रकम (सकार रकम, संकलन खर्च, मु.अ. कर र अ.आ. कर) दाखिला गरी आफ्नै खर्चमा उठाई लैजाने गरी लिलाम बिक्री गर्नु परेकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। सो सम्वन्धी कारोबार गर्न इजाजत प्राप्त र रीत पुगेका व्यवसायीले प्रथम पटम सूचना प्रकाशन भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरि २२औं दिन मा दिनको ३ बजे भित्र खरिद गरेको निकायमा दाखिला गर्न सकिने ब्यहोरा सूचित गरिन्छ।

१. लिलाम हुने वन पैदावारको विवरण

| वन पैदावारको | | | | | मुल्याङ्कन रु | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| क्र.सं. | लट नं. | वन पैदावारको किसिम | ईकाई | परिमाण | प्रति ईकाई मुल्य | न्यूनतम | संकलन खर्च | |
| १ | 01-RUPR-082.083 | नदिजन्य पदार्थ संकलन | घन फिट | १,४२,७७०.८४ | ९ | १२,८४,९३८ | ६,१९,७५३.०० | |

२. **बोलपत्र खरिद तथा दाखिला गर्न पाइने अन्तिम मिति र समय :-**

क. खरिद गर्ने अन्तिम मिति २०८२।०५।०५ गते बिहिवार कार्यालय समय भित्र

ख. दाखिला गर्ने अन्तिम मिति २०८२।०५।०६ गते शुक्रबार दिनको २ बजे भित्र।

ख. खोल्ने अन्तिम मिति २०८२।०५।०६ गते शुक्रबार कार्यालय समय पश्चात (निर्देशनालय बाट बोलपत्र प्राप्त भए पश्चात).

**३.बोलपत्रः वन निर्देशनालय, बुटवल रुपन्देही र डिभिजन वन कार्यालय, रुपन्देहीवाट खरिद गरी दाखिला गर्न सकिने छ ।**

४.सिलवन्दी बोलपत्रसाथ कबोल रकमको १० प्रतिशतले हुन आउने धरौटी, प्रदेश लेखा नियन्त्रक कार्यालय,रुपन्देहीको नाममा रा.वा.बैंक बुटवलमा रहेको कार्यालय कोड नं.३२९०१४८०२५ धरौटी खाता नं.३१२००२०२०३०००० मा जम्मा गरेको सक्कल बैंक भौचर वा यस कार्यालयको नाममा खिचिएको बैंक ड्राफ्ट वा मान्यता प्राप्त बैंकबाट जारी भएको कम्तिमा छ महिना (१८० दिन) अवधिको बैंक जमानत संलग्न हुनु पर्नेछ। नगद खामिइ फरक परेमा कार्यालय जवाफदेही हुने छैन ।

५.बोलपत्र फारम दस्तुर वापत नियमानुसार हुने रकम (फिर्ता नहुने) तिरी वन निर्देशनालय बुटवल रुपन्देही र यस कार्यालयवाट खरीद गरि खरीद गरेकै कार्यालयमा दाखिला गर्नु पर्नेछ ।

६.लिलाम बिक्री हुने वन पैदावार सम्वन्धित घाटगद्दीमा गै हेर्न सकिने छ।

७. लिलाममा भाग लिन इच्छुक व्यवसायीले दर्ता गरिएको व्यवसाय दर्ताको प्रमाण, नेपाली नागरिकताको प्रमाणपत्र, र मूल्य अभिवृद्धि कर दर्ता प्रमाणको प्रतिलिपि कर चुक्ताको प्रमाण तथा सुचिकृत प्रमाणपत्र तथा प्रोपराईटर आफै उपस्थित हुन नसकेमा अख्तियारनामा पत्र बोलपत्रसाथ पेश गर्नुपर्ने छ ।

८. रितपूर्वक पर्न आएका बोलपत्रहरु वन निर्देशनालय, बुटवल रुपन्देहीवाट प्राप्त हुन आएपछि वोलपत्रदाता, निजका प्रतिनिधि वा अनुपस्थितिमा अन्य कार्यालयका प्रतिनिधिहरुको रोहवरमा यसै कार्यालयमा खोलिने छ ।

९. लिलाम स्विकृतीको जानकारी बोलपत्रमा डिभिजन वन कार्यालयको वेवसाईटमा प्रकासीत गरीने छ।जानकारी पाएको मितिले सकार गरेको रकम, नियमानुसार लाग्ने संकलन खर्च र कानुन बमोजिम तोकिएको अवधि भित्र रकम बुझाई जे जस्तो छ सोही अवस्थामा वन पैदावार उठाई लैजानु पर्नेछ ।

१०. सकार गरिएको रकम अंक र अक्षर दुवैमा लेखु पर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइने छ ।

११. सिलवन्दी भई नआएको, सम्वन्धित कार्यालयवाट विक्री नभएको वा बोलपत्रको फोटोकपी दाखिला गरेको, जसको नाममा विक्री भएको बोलपत्र फाराम हो, उसैको तर्फवाट दाखिला नगरेको, वोलपत्रदाताको हस्ताक्षर नभएको (फर्मको हकमा छाप र हस्ताक्षर नभएको) कबोल अंकको १० प्रतिशत धरौटी आफुले पेश गरेका अन्य बोलपत्रमा समेतको खाम्ने गरी समावेश नभएको र बोलपत्र आव्हानको सूचनामा तोकिएका अन्य सर्तहरु पुरा नभएको, बोलपत्र उपर कारवाही हुने छैन ।

१२. वोलपत्र, सिलवन्द गरी पेश गर्नुपर्नेछ र सिलवन्दी खाममा लट नम्वर ,पेश गर्ने फर्मको नाम, ठेगाना र मोवाईल नं (ईमेल ठेगाना भए सो समेत) उल्लेख गरी सम्वन्धित निकायलाई सम्वोधन गरेर डिभिजन वन कार्यालय रुपन्देहीको वनपैदावार लिलामको सिलवन्दी वोलपत्र भनी उल्लेख गरेको हुनपर्नेछ ।

१३.वोलपत्र स्विकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार, अधिकार प्राप्त अधिकारीमा निहीत रहने छ ।

१४.यसमा उल्लेख भएकोमा यसै वमोजिम र यसमा उल्लेख नभए जतिमा प्रचलित ऐन, नीति नियम ,निर्देशिका अनुसार हुने छ । प्रिन्ट मिस्टेक भै अन्यथा भएको अवस्थामा नियमानुसार हुनेछ ।

१५.उपरोक्त उल्लेखित कुनै दिनमा विदा परेमा सो को भोलिपल्ट कार्यालय खुलेको दिन सोही अनुसार हुने छ ।

१६. यस विषयमा अन्य केही जानकारी आवश्यक परेमा कार्यालय समय भित्र यस कार्यालयमा सम्पर्क राख्न सकिने छ ।

ईति सम्वत २०८२ साल साउन १६ गते रोज ६ मा शुभम्

२०८२।४।१६

व्यवस्थापन शाखा

डिभिजनल वन अधिकृत